आज मिति २०८२ साल पुष २७ गते दिनको ११ : ०० बजे सुनिलस्मृति गाउँपालिकाका अध्यक्ष श्री मणिराम वुढाथोकीज्यूको अध्यक्षतामा, गाउँ कार्यपालिका सदस्यज्यूहरुको उपस्थितिमा आ.व. २०८२/०८३ को आठौं गाउँ कार्यपालिकाको बैठक बसी देहायका प्रस्तावहरु माथी छलफल गरी देहाय बमोजिम निर्णय गरियो ।

**उपस्थिती :**

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री मणिराम वुढाथोकी | गाउँपालिका अध्यक्ष | |
| २ | श्री मिना थापा | गाउँपालिका उपाध्यक्ष | |
| ३ | श्री पवन कुमार कवर | वडा अध्यक्ष वडा नं. १ | |
| ४ | श्री नेत्र बहादुर गिरी | वडा अध्यक्ष वडा नं. २ | |
| ५ | श्री दुर्गा बहादुर विष्ट | वडा अध्यक्ष वडा नं. ३ | |
| ६ | श्री ओबिलाल बस्नेत | वडा अध्यक्ष वडा नं. ४ | |
| ७ | श्री मणि थापा | वडा अध्यक्ष वडा नं. ५ | |
| ८ | श्री लोकेन्द्र बहादुर थापा | वडा अध्यक्ष नं. ६ | |
| ९ | श्री रेशम शर्मा | वडा अध्यक्ष वडा नं. ७ | |
| १० | श्री धनराज रोका | वडा अध्यक्ष वडा नं. ८ | |
| ११ | श्री रितादेवी थापा | कार्यपालिका सदस्य वडा नं. ३ | |
| १२ | श्री निर्मला पुनमगर | कार्यपालिका सदस्य वडा नं. ४ | |
| १३ | श्री अनिता थापा | कार्यपालिका सदस्य वडा नं. ६ | |
| १४ | श्री इन्द्रा रोकामगर | कार्यपालिका सदस्य वडा नं. ८ | |
| १५ | श्री तुल्सी सुनार | कार्यपालिका सदस्य वडा नं. १ | |
| १६ | श्री नेमलाल दमाई | कार्यपालिका सदस्य वडा नं. ७ | |
| १७ | श्री नगेन्द्र प्रसाद रिजाल | सचिव, प्रमुख प्रशासकीय अधिकृत | |

**सहयोगी कर्मचारीहरु**

| | | | |
|---|---|---|---|
| १ | रनवीर वुढा | प्रशासकीय अधिकृत | |
| २ | पदम प्रसाद रिजाल | योजना शाखा प्रमुख | |
| ३ | दुर्योधन महरा | सहायक कम्प्यूटर अपरेटर | |
| ४ | गण बहादुर थापा | सहयोगी | |

नगेन्द्र प्रसाद रिजाल
प्रमुख प्रशासकीय अधिकृत

मणिराम वुढाथोकी
अध्यक्ष

## आठौं गाउँ कार्यपालिका बैठकका प्रस्तावहरु :

१. समीक्षा सम्बन्धमा ।
२. विधेयक तथा ऐन स्वीकृतका लागि सिफारिस सम्बन्धमा ।
३. श्रोत अनुमान तथा वजेट सिमा निर्धारण समितिको वैठकको निर्णय अनुमोदन सम्बन्धमा ।
४. स्थानीय राजश्व परामर्श समितिको वैठक अनुमोदन सम्बन्धमा ।
५. जलश्रोत उपयोग अनुमती सम्बन्धमा ।
६. सहयोग सम्बन्धमा ।
७. नवप्रवर्तन साझेदारी परियोजना सञ्चालनका लागि अवधारणा पत्र पेश गर्ने सम्बन्धमा ।
८. बजेट तथा कार्यक्रम संशोधन तथा रकमान्तर र ऐन तथा विधेयक सभामा पेश गर्ने सम्बन्धमा ।
९. बजेट तथा कार्यक्रम संशोधन तथा रकमान्तर सम्बन्धमा ।

## २०८२ पुष २७ गते बसेको आठौं गाउँ कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु

| प्रस्ताव नं. | प्रस्ताव | संक्षिप्त व्यहोरा | प्रस्तावित निर्णय | निर्णय |
|---|---|---|---|---|
| १. | समिक्षा सम्बन्धमा । | अघिल्ला कार्यपालिका वैठकहरुको समिक्षा गर्न आवश्यक रहेको । | गाउँ कार्यपालिकाका अघिल्ला वैठकहरुबाट भएका निर्णयहरु समिक्षा गरियो । कार्यान्वयन गर्न बाँकी निर्णयहरु यथाशिघ्र कार्यान्वयन गर्न सम्बन्धित विषयगत शाखा एवं वडा कार्यालयहरुलाई निर्देशन दिने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| २ | विधेयक तथा ऐन स्वीकृतका लागि सिफारिस सम्बन्धमा । | गाउँपालिकाकालाई आवश्यक पर्ने विधेयक स्वीकृत तथा ऐन संशोधनका लागि आगामी गाउँसभामा सिफारिस तथा गर्न आवश्यक रहेको । | विभिन्न मितिमा बसेको कानुन मस्यौदा समितिको वैठकबाट छलफल भई सिफारिस भएको "सुनिलस्मृति गाउँपालिकाको आर्थिक कार्यविध तथा वित्तीय उत्तरदायित्व सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८२" स्वीकृत तथा "न्यायिक समितिको कार्यविधि सम्बन्धी ऐन २०७५" लाई संशोधनका लागि आगामी गाउँसभामा सिफारिस गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| ३ | श्रोत अनुमान तथा वजेट सिमा निर्धारण समितिको वैठकको निर्णय अनुमोदन सम्बन्धमा । | श्रोत अनुमान तथा वजेट सिमा निर्धारण समितिको वैठकको निर्णय अनुमोदन गर्न आवश्यक रहेको । | मिति २०८२/०९/२३ गते बसेको श्रोत अनुमान तथा वजेट सिमा निर्धारण समितिको वैठकको निर्णय अनुमोदन गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |

नगेन्द्र प्रसाद रिजाल
प्रमुख प्रशासकीय अधिकृत

मणिराम बुढाथोकी
अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| ४ | स्थानीय राजश्व परामर्श समितिको वैठक अनुमोदन सम्बन्धमा । | स्थानीय राजश्व परामर्श समितिको वैठकको निर्णयलाई अनुमोदन गर्न आवश्यक रहेको । | मिति २०८२/०९/२२ गते बसेको स्थानीय राजश्व परामर्श समितिको वैठकको निर्णयलाई अनुमोदन गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| ५ | जलश्रोत उपयोग अनुमती सम्बन्धमा । | स्थानीय गाउँ जलश्रोत समितिको मिति २०८२/०९/६ गतेको निर्णयानुसार प्रकाशित सूचना बमोजिम तोकिएको म्याद भित्र सरोकारवालाहरुको फरक दावि नपरेको हुदाँ जलश्रोत उपयोग अनुमति प्रत्र प्रदान गर्न उपयुक्त रहेको । | सुनिलस्मृति गाउँपालिकाको मिति २०८२/०९/०७ गतेको जलश्रोत मुहान दर्ता सम्बन्धी सूचना बमोजिम तोकिएको म्याद भित्र कुनै प्रकारका निवेदन दर्ता हुन नआएको हुदाँ तपसिल बमोजिमका जल उपभोक्ता समितिहरुलाई जलश्रोत उपयोग अनुमती पत्र प्रदान गर्ने ।<br>__तपसिल__<br>क) कुकुरगारे खा.पा उपभोक्ता समिति वडा नं. ७<br>ख) चिस्पाधारा खा.पा. उपभोक्ता तथा सरसफाई समिति वडा नं. ७<br>ग) धवजा हिले खा.पा. उपभोक्ता तथा सरसफाइ समिति वडा नं. २ | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| ६ | सहयोग सम्बन्धमा । | जिल्ला प्रशासन कार्यालय रोल्पाबाट डकुमेन्ट स्क्यानर थान-१ माग भई आएको हुदा स्क्यानर मेसिन उपलब्ध गराउन आवश्यक रहेको । | जिल्ला प्रशासन कार्यालय रोल्पाको प.सं. ०८२/०८३, च.नं. १३७१ र मिति २०८२/०९/२१ गतेको पत्रानुसार जिल्ला प्रशासन कार्यालयको नागरिकता शाखामा रहेको अनुसूची सहितका महत्वपूर्ण कागजातहरु स्क्यान गरी सुरक्षित भण्डारण गर्न डकुमेन्ट स्क्यानर थान-१ अति आवश्यक परेको हुदाँ अटोमेटिक डबल साईड डकुमेन्ट स्क्यानर थान-१ हस्तान्तरण गरिदिनुहुन भनि माग भएको हुदाँ स्क्यानर मेसिन उपलब्ध गराउने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |

नगेन्द्र प्रसाद रिजाल
प्रमुख प्रशासकीय अधिकृत

मणिराम बुढाथोकी
अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| ७ | नवप्रवर्तन साझेदारी परियोजना सञ्चालनका लागि अवधारणा पत्र पेश गर्ने सम्बन्धमा । | नवप्रवर्तन साझेदारी परियोजना सञ्चालनका लागि अवधारणा पत्र पेश गर्न आवश्यक रहेको । | लुम्बिनी प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश तथा स्थानीय शासन सवलीकरण कार्यक्रम (PLGSP), प्रादेशिक कार्यक्रम सहयोग इकाई (PPSU) राप्ती उपत्यका (देउखुरी), नेपालको प्रथम पटक प्रकाशित मिति : २०८२/०८/२९ को नवप्रवर्तन साझेदारी परियोजना सञ्चालनका लागि अवधारणा पत्र पेश गर्ने सम्बन्धी सूचना बमोजिम यस गाउँपालिकाबाट **"आयआर्जनका लागि मसलाजन्य बाली" उत्पादन, प्रवर्द्धन परियोजना अवधारणापत्र** पेश गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| ८ | बजेट तथा कार्यक्रम संशोधन तथा रकमान्तर र ऐन तथा विधेयक सभामा पेश गर्ने सम्बन्धमा । | सुनिलस्मृति गाउँपालिका गाउँसभाको १९ औं अधिवेशनको वैठकमा पेश हुने प्रस्तावहरु प्रस्तुत गर्न सभाका सदस्यहरुलाई तोक्न आवश्यक रहेको । | सुनिलस्मृति गाउँपालिका गाउँसभाको १९ औं अधिवेशनको वैठकमा पेश हुने देहाय बमोजिमका प्रस्तावहरु तपसिलका पदाधिकारीहरुले पेश गर्ने ।<br>क) सुनिलस्मृति गाउँपालिकाको आर्थिक कार्यविध तथा वित्तीय उत्तरदायित्व सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८२ स्वीकृत तथा न्यायिक समितिको कार्यविधि सम्बन्धी ऐन २०७५ लाई संशोधनका प्रस्ताव कानुन मस्यौदा समितिका संयोजक श्री धनराज रोकाले पेश गर्ने ।<br>ख) बजेट संशोधन तथा रकमान्तर सम्बन्धी प्रस्ताव गाउँपालिका उपाध्यक्ष श्री मिना थापाले पेश गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| ९ | बजेट तथा कार्यक्रम संशोधन तथा रकमान्तर सम्बन्धमा । | सुनिलस्मृति गाउँपालिका गाउँसभाको १८ औं अधिवेशनबाट स्वीकृत भई केही योजना तथा कार्यक्रमहरु संशोधन गरी स्वीकृतका लागि १९ औं गाउँसभामा पेश गर्न आवश्यक रहेको । | सुनिलस्मृति गाउँपालिका गाउँसभाको १८ औं अधिवेशनबाट स्वीकृत भएका केही योजना तथा कार्यक्रमहरुलाई संशोधन गर्न आवश्यक देखिएको हुदाँ अनुसूची-१ बमोजिमको संशोधित प्रस्तावलाई स्वीकृतका लागि गाउँसभाको १९ औं अधिवेशनमा पेश गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |

नगेन्द्र प्रसाद रिजाल
प्रमुख प्रशासकीय अधिकृत

मणिराम बुढाथोकी
अध्यक्ष